आज मिति २०८१ साल वैशाख ०५ गते बुधबारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान् अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| **क्र.सं** | **पद** | **नाम थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | नि.प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री रोशन पौडेल | |

सहायक कर्मचारीहरुः

१. बबलि मेहता
२. श्री रसना मगर
३. उमाशंकर चौधरी
४. जय प्रकाश शाह
५. श्री रवि कटुवाल
६. कर्ण बहादुर कार्की

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा।
२. लिखु गाउँपालिकाको जग्गा प्राप्ति सम्बन्धमा।
३. विचारी आहाल गा.पा. केन्द्र कालोपत्रे सडक ठेक्काको भेरियसन सम्बन्धमा।
४. विविध समसामयिक विषय सम्बन्धमा।

**निर्णयहरु :**

१. **निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय :**

**प्रस्ताव नं. १** मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने सर्बसम्मत निर्णय गरियो।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

**प्रस्ताव नं २** मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको सडक निर्माण प्रयोजनार्थ दक्षिण तर्फको लिखु गाउँपालिका वडा नं. ४, निवासी श्री साविक यसम गा.वि.स वडा नं. ५ को भक्त बहादुर खत्रीको नाममा रहेको कित्ता नं. ७६ क्षेत्रफल ४-६-०-२ रोपनी मध्ये उत्तर पुर्व तर्फबाट १-०-०-० (१ रोपनी) सोही जग्गाको दक्षिण पश्चिम तर्फ ०-७-०-० आना (सात आना)जग्गा र लिखु गाउँपालिकाको प्रशासकीय भवन प्रयोजनार्थ साविक यसम वडा नं. ३ को कित्ता नं. ७७ क्षेत्रफल २-८-३-२ रोपनी ससिम कित्ता जग्गा गाउँपालिकालाई स:शुल्क रजिष्ट्रेशन पास गर्नको राजश्व छुटको लागि मालपोत कार्यालयमा समक्ष अनुरोध गर्ने र जग्गा रजिष्ट्रेशन पास गर्नको लागि यस लिखु गाउँपालिकाबाट वडा नं. ४ को अध्यक्ष श्री घन बहादुर कार्कीलाई प्रतिनिधि पठाउने सर्वसम्मतबाट निर्णय गरियो।

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय :**

**प्रस्ताव नं. ३ मा** आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का सम्बन्धमा देहाय बमोजिम निर्णयहरु सर्वसम्मत गरियो।

क) लिखु गाउँपालिकाको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का मिति २०८०/०९/०२ गते आवह्वान गरिएको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का (LRM/NCB/ROAD/2080/81-03) को सम्झौता भई बाकी रहेको रकमले कालोपत्रे गरेको सडकको अन्तिमबाट निरन्तर हुने गरी चेनेज थप गरी सडक कालोपत्रे कार्य गर्ने।

ख) लिखु गाउँपालिकाको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का मिति २०८०/०९/०२ गते आवह्वान गरिएको विचारी आहाल गा.पा. केन्द्र सडक ठेक्का (LRM/NCB/ROAD/2080/81-03) को सम्झौता भई बाँकी रहेको रकमले नयाँ ठेक्का आवहान गर्न आवश्यक समयको अभाव भएको कारणले कालोपत्रे गरेको सडकको अन्तिमबाट निरन्तर हुने गरी थपिएको चेनेजमा सडक कालोपत्रे गर्ने कार्यको revised data sheet स्वीकृत गर्ने र सम्झौता गरिएको दररेटमा सोही आईटमहरु प्रयोग हुने गरी एक किलोमिटर थपिएको चेनेजमा सोही contractor (सिंहदेवी जिम्बा जेभी) सगँ सम्झौता गरी कार्यादेश दिने। साथै revised data sheet यसै साथ सम्लग्न छ।

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय :**

**प्रस्ताव नं. ४** मा आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको आगामी कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने निर्णय गरियो।